**माननीय अध्यक्ष महोदय अनि यस ओजस्वी सदनका माननीय सदस्य–सदस्यागण,**

आज यस ओजस्वी सदनमा म वित्तीय वर्ष २०१८–१९ –को नियमित बजेट पेश गर्न गइरहेको छु। प्रस्तुत बजेटमाथि सदनमा बहस होस् र यसलाई सदनले स्वीकृति दियोस् भन्ने निवेदन म गर्दछु।

बजेट पेश गर्ने क्रममा सर्वप्रथम सम्पूर्ण सिक्किमेली जनगणलाई न्यानो शुभकामना टक्राउँदै प्रेस र मिडियाका उपस्थित प्रतिनिधिहरूलाई म स्वागत जनाउन चाहन्छु।

**माननीय अध्यक्ष महोदय,**

शुरूमा म सिक्किमेली जनगणप्रति धन्यवाद र आभार जनाउँदछु। उहाँहरूको विश्वास र मायाले नै १९९४ –देखि लगातार हाम्रो विकासमुखी र जनपक्षीय सरकार सिक्किममा कायम छ। हाम्रो सरकार सदैव सिक्किममा सर्व–समावेशी विकास, गुणात्मक सेवा प्रदान गर्न र राज्यमा शान्ति, स्थिरता र सुश्रृंखला कायम गर्न कटिबद्ध छ। सिक्किमेली जनगणले हाम्रो सरकार, हाम्रो नीति र हाम्रो अड़ानलाई पूर्ण साथ, सहयोग र समर्थन दिएकैले आज सिक्किमले अभूतपूर्व र अद्वितीय उपलब्धिहरू हासिल गर्न सकेको छ। आज सारा देशले नै नवीन एवं नवान्वेषी कार्यक्रमहरूका निम्ति सिक्किमलाई उदाहरण र मोडलका रूपमा हेर्ने भएका छन्। देशका अन्य राज्यहरूले सिक्किमलाई उदाहरण मान्न थालेका छन्। यो हाम्रो सोंच, विचार, कार्य र इमान्दार प्रयासले सम्भव भएको हो भन्ने कुरो म यस ओजस्वी सदनमा जाहेर गर्न चाहन्छु।

**माननीय अध्यक्ष महोदय,**

हाम्रो सरकार सिक्किमका प्रत्येक युवाहरूका सपना र आकांक्षालाई पूरा गर्ने प्रशस्त अवसरहरू सिर्जना गर्न चाहन्छ। त्यसैले यस वर्षको बजेट युवा केन्द्रित र रोजगारमुखी बनाइएको छ।

नोकरीका अवसरहरू सिर्जना गर्ने अनि रोजगारी बढ़ाउने कुरोलाई हामीले सधैं आफ्नो नीति निर्माणको केन्द्र बनाएका छौं। विगत चौबीस वर्षको सरकारमा हामीले राज्यमा रोजगार बढ़ाउने अनेकौं कदमहरू उठाउँदै आएका छौं।

यस किसिमका योजनाहरूमध्ये हाम्रो सरकारले भर्खरै शुरू गरेको चीफ् मिनिष्टर्स स्टार्ट-अप स्किम केवल युवाकेन्द्रित योजना मात्र होइन, तर वास्तविक अर्थमै शिक्षित बेरोजगार युवाहरूलाई नव-उद्यमी बन्ने र आफ्नो मालिक आफै बन्ने सुनौलो अवसर सिर्जना गरिइएको हो। यस योजना अन्तर्गत बेरोजगार युवाहरूलाई सहज ढङ्गमा वित्तीय सहयोग उपलब्ध गराएर उनीहरूको उद्यम र उद्योगलाई सार्थक रूपमा सफल बनाउने विधि तय गरिएको छ।

स्टार्ट-अप् कृषि, बागवानी, खाद्य प्रसंस्करण(फूड प्रोसेसिङ), पशुपालन, हस्तशिल्प तथा हथकर्घा आदि कुनै पनि क्षेत्रको उद्यम गर्न चाहने १८ -देखि ४० वर्षसम्मका स्थानीय शिक्षित वा अल्प-शिक्षित बेरोजगार युवाहरूलाई दिइने वित्तीय योजना हो। यस अन्तर्गत ब्याङ्कद्वारा अनुमोदित २० लाख रुपियाँसम्मको कुनै पनि योजनालाई अग्रिम वित्तीय सहयोग दिइन्छ, जसको २५ प्रतिशत रकम सरकारले अग्रिम रूपमा उपलब्ध गराउँछ। कतिपय गैर-उत्पादनकारी क्षेत्रहरूका निम्ति यो रकम ३५ प्रतिशतसम्म पनि हुनसक्नेछ।

अन्य वित्तीय योजनाहरूका तुलनामा यो योजना तीनवटा विशेष कारणहरूले बेरोजगार युवामैत्री छ :

१. य़स योजनामा सरकारी वित्तीय सहयोग अग्रिम रूपमा प्रदान गरिने हुँदा त्यसलाई ब्याङ्क वा प्रकल्प प्रदायक संस्थानले उद्यमी वा प्रोमोटरको अंशियारीको रूपमा स्वीकृति दिनसक्नेछन्।

२. यो योजनाको लागि दिइने वित्तीय सहयोगलाई समानान्तर रूपमा अन्य चालु केन्द्रीय योजनाका अनुदानसँग सम्पर्कित गर्न सकिनेछ।

३. सेवा क्षेत्र होस् अथवा उत्पादन क्षेत्र होस्, कुनै प्रकारको विभेद नगरी व्यवहारिक उद्यमलाई २० लाख रुपियाँ उपलब्ध गराउने प्रावधान यस योजनाअन्तर्गत राखिएको छ।

**माननीय अध्यक्ष महोदय,**

हाम्रो सरकार कृषकहरूको हित र कल्याणको निम्ति समर्पित छ। हामीले कृषि नीतिमा परिवर्त्तन गरी जैविक कृषि शुरू गरेका छौं। यसद्वारा कृषकहरू स्वयं पनि लाभान्वित हुनेछन्। यसले गर्दा कृषकहरूले सीमित जमीनबाट बढ़ी उत्पादन गर्नसक्नेछन् र कम रकम खर्च गरेर अधिक मूल्य आर्जन गर्नसक्नेछन्। खेत तथा खेतबाहिर पनि किसान र बेरोजगार युवाहरूका निम्ति उत्पादक र लाभदायी रोजगार सिर्जना गर्ने हाम्रो प्रयास रहेको छ।

आज कृषि कर्ममा जनशक्तिको कमी हुँदै गएकोले यस क्षेत्रमा चुनौती खड़ा भएको छ। नयाँ पुस्ताका नानीहरू अन्य पेशाहरूतर्फ आकर्षित भइरहेका छन्। त्यसैले यस क्षेत्रतर्फ आकर्षण पैदा गरी युवा पुस्तालाई कृषिकर्ममा संलग्न गराउन पनि जैविक मिसन हामीले शुरु गरेका हौं।

**माननीय अध्यक्ष महोदय,**

सिक्किम विविध कृषि आवहवा भएको, विभिन्न प्रकारको माटो भएको, अनियमित भौगोलिक अवस्था र समृद्ध जैव विविधता भएको राज्य हो। जैविक कृषिले राज्यलाई आर्थिक, पर्यावरणीय, सामाजिक, स्वास्थ्य र सांस्कृतिक रूपमा सम्पन्न गराउन ठूलो सहयोग गर्दछ। हाम्रो सरकार जैविक पर्यटन, जैविक बिउ र मल उत्पादन, प्याकेजिङ, प्रोसेसिङ, भेल्यू एडिसन तथा विभिन्न जैविक उत्पादहरूको ब्राण्डिङ गर्ने कार्यमा ग्रामीण युवाहरूको क्षमता र कार्यदक्षता बढ़ाउनेतर्फ विशेष प्रयास गरिरहेको छ।

विभिन्न विभागहरूसँग सहकार्य गरी सबै केन्द्रीय कृषि योजनाहरू राज्यमा लागू गरिएको छ। जैविक खेतीलाई प्रोत्साहित गर्न अर्ग्यानिक हाइब्रिड र एच.वाई.भी. बिजन निःशुल्क वितरण गरिँदैछ। यस योजनालाई आगामी वित्त वर्षमा पनि जारी राख्नेछौं। यसको साथमा सेल्फ हेल्प ग्रुप तथा साना एवं मार्जिनल कृषकहरूलाई पावर टिलर तथा अन्य कृषि हात–हतियार वा मेसिनहरू पनि दिइरहेका छौं।

त्यसैले माननीय अध्यक्ष महोदय, समावेशी विकासको निम्ति कृषि क्षेत्रलाई विकास प्रक्रियामा समावेश गरिनुपर्ने बुनियादी आवश्यकतालाई स्वीकार गरेर हाम्रो सरकारले कृषि तथा बागवानी क्षेत्रको विकासलाई प्राथमिकता दिएको छ।

मौसम परिवर्तनका नकारात्मक प्रभावहरू पूर्वी हिमालय क्षेत्रमा पनि देख्न थालिएको छ। बेमौसमी वर्षा, हिउँदे खड़ेरी, असिना–पानीका रूपमा असन्तुलित मौसमका परिणामहरू देखिँदैछन्। यसको सबैभन्दा खतरा परिणामको रूपमा आज पानीका मुहानहरू सुक्दै गएका छन्, जसले कृषिकार्यलाई नराम्ररी प्रभावित गर्नेछ। मौसम परिवर्तनकै कारण कृषि कार्यलाई प्रभावित गर्ने कीट र रोगहरू पनि आज अचानक देखा पर्नथालेका छन्। नयाँ–नयाँ रोगहरू खेतीबालीमा लाग्नथालेका छन्।

तर यी सबै सङ्कट र समस्याहरूका बीचमा पनि आज देशकै पहिलो जैविक राज्य बन्ने अनुपम उपलब्धि हामीले आर्जन गरेका छौं। हामीले राष्ट्रिय निर्देशिका अनुसार कुल ७६,१६७.६०४ हेक्टर जमीनको जैविक प्रमाणीकरण प्राप्त गरिसकेका छौं। आज आन्तरिक नियन्त्रण प्रणालीअन्तर्गत सातवटा सेवा प्रदायक अनि ६ वटा प्रमाणीकरण केन्द्रहरू राज्यमा कार्यरत छन्, जसमा ४३६ जना स्थानीय शिक्षित युवाहरूले रोजगारी पाएका छन्।

यी उपलब्धिहरूले सिक्किमलाई विश्वमै जैविक अगुवा बनाएको छ। विश्वले हामीलाई जैविक अगुवा स्वीकार गरेको छ। विश्वका ११७ देशहरूमा ८०० शाखाहरू रहेको जैविक आन्दोलनको केन्द्रीय संस्था 'इन्टरनेश्नल फेडरेशन अफ् अर्ग्यानिक एग्रीकल्चर मुभमेन्ट'–ले हामीलाई 'वान् वर्ल्ड ग्र्याण्ड प्रिक्स अवार्ड, २०१७'–द्वारा सम्मानित गर्नु यसैको प्रमाण हो।

१ अक्टोबर, २०१७ –को दिन एउटा प्रतिष्ठित संस्थानले मलाई 'एम्बासेडर अफ् अर्ग्यानिक हिमालयज एण्ड अर्ग्यानिक वर्ल्ड'–द्वारा सम्मानित गऱ्यो। सिक्किमेली जनताको प्रतिनिधिका रूपमा देश र विश्व मञ्चहरूमा यसरी सम्मानित हुनपाउँदा मलाई गर्व महसूस भएको छ।

**माननीय अध्यक्ष महोदय,**

यस ओजस्वी सदनलाई विदित नै छ कि जैविक अभियानलाई सफलीभूत तुल्याउन यसै सदनमा हामीले २०१४ सालमा 'द सिक्किम एग्रीकल्चर–हर्टिकल्चर इन्पुट एण्ड लाइवस्टक फिड रेगुलारिटी एक्ट' पारित गरेका थियौं। कृषक तथा उपभोक्ताहरूको हितमा जैविक अभियानलाई दीगो बनाउने अरू विधेयकहरू पनि हामी ल्याउन चाहन्छौं। अजैविक ढङ्गबाट उत्पादन गरिएका सब्जी वा फल–फूलहरूलाई राज्यमा भित्रिन नदिने 'द एग्रीकल्चरल एण्ड हर्टिकल्चरल कमोडिटिज रेगुलारिटी बिल, २०१८' यसै सत्रमा यस सदनमा पेश गरिनेछ। कृषकहरूका उत्पादको बजार बढ़ाउने, युवाहरूलाई कृषिकार्यमा आकर्षित गराउने अनि उपभोक्ताहरूलाई स्वास्थ्यवर्द्धक उत्पाद उपलब्ध गराउने उद्देश्यले यो कदम उठाइएको हो।

राज्यका जैविक कृषकहरूका निम्ति पेन्सनको सुविधा दिलाउने किसान पेन्सन योजना शुरु गर्ने विचार मेरो सरकारले गरिरहेको कुरो पनि यो ओजस्वी सदनमा राख्न चाहन्छु। सक्रिय रूपमा जैविक कृषि गर्ने कृषक ५० वर्ष पुगेपछि यस योजना अन्तर्गत मासिक १,००० रुपियाँ प्रदान गरिनेछ। यो सुविधा परिवारको एकजनालाई दिइनेछ। देशमा हाम्रो सरकार नै पहिलो सरकार हो, जसले कृषक समुदायको निम्ति यो सुविधा दिन गइरहेको छ।

सम्पूर्ण प्रमाणीकृत जमीनसँगै अहिले बञ्जर रहेको जमीनलाई पनि योजनाबद्ध ढङ्गले प्रयोगमा ल्याउने कार्यलाई हाम्रो सरकारले विशेष प्राथमिकता दिएको छ।

राज्यका सम्पूर्ण जनगणलगायत पर्यटक र अन्य अतिथिहरूको निम्ति वार्षिक ९५,००० मेट्रिक टन सागसब्जीको जरूरत पर्दछ। तर टुरिष्ट सीजनको हिसाबले यो परिणाम कम–बेसी पनि हुने हुन्छ। जनगणको निम्ति आवश्यक सागपात उब्जनी गर्ने कार्यलाई हाम्रो सरकारले विशेष जोर दिएको छ। कृषकहरूलाई प्रोत्साहित गर्न विशेष गरी छिटो सड्ने साग–सब्जी, फल र फूलहरूको निम्ति पनि न्यूनतम् सपोर्ट प्राइज दिने प्रस्ताव हामीले ल्याएका छौं।

हाम्रो जैविक अभियानलाई केन्द्र सरकारले मान्यता दिँदै तादोङस्थित आई.सी.ए.आर. सेन्टरलाई देशकै कृषि अनुसन्धान केन्द्रको रूपमा 'अर्ग्यानिक फार्मिङ रिसर्च इन्स्टिटस्यूट' बनाइएको छ। हामीले आफ्नै 'सिक्किम स्टेट अर्ग्यानिक सर्टिफिकेसन एजेन्सी' खोलेका छौं। भविष्यमा यो देशकै एक प्रमुख प्रमाणीकरण केन्द्र बन्नेछ। यस केन्द्रले अघिबाटै अरूणाचल प्रदेश, बिहार र सिक्किमभित्र प्रमाणीकरणको काम थालिसकेको छ। कृषि समुदायको सम्मानमा र सिक्किम अर्ग्यानिक राज्य बनेको वार्षिकीको स्मृतिमा हरेक वर्ष १८ जनवरीलाई सिक्किम अर्ग्यानिक डे-को रूपमा मनाउन थालिएको छ।

यी बाहेक पनि राज्यमा फूलखेतीलाई हामी विशेष प्राथमिकता दिइरहेका छौं। यो हाम्रो अर्को एउटा प्रमुख आर्थिक क्षेत्र हो। आज राज्यमा कुल ६,००० -भन्दा अधिक फूल कृषकहरू छन्, जसमध्ये हरेक परिवारले मासिक ३०,००० देखि एक लाख रुपियाँसम्म आम्दानी गरिरहेका छन्। मौरीपालन, च्याउ खेती, औषधीय पौधा तथा बाँसखेतीको रूपमा विस्तारित बागवानीलाई यस वित्त वर्षमा पनि हामी जारी राख्नेछौं।

आज मलाई यो जानकारी गराउन पाउँदा खुशी लागिरहेको छ कि आगामी ५ वर्षभित्रमा हामी अन्न उत्पादनमा पनि आत्मनिर्भर बन्न गइरहेका छौं। आज हामी सागसब्जी, फल तथा फूलहरूको क्षेत्रमा आन्तरिक रूपमा आत्मनिर्भर छौं। अहिले हामीले अलैँची, अदुवा, हर्दी, चिया र सुन्तला देशी र विदेशी बजारहरूमा पठाइरहेका छौं। आगामी केही वर्षमा हामी हाम्रो सागसब्जीको उत्पादनलाई पनि बढ़ाउनेछौं, अनि राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारहरूमा निर्यात गर्नेछौं।

आज हाम्रो जनगणको मनस्थितिलाई बदल्नुपर्ने र श्रमप्रति सम्मानको भाव जगाउनुपर्ने चुनौती छ। यससँगै युवा पुस्तालाई कृषि एवं सेवा क्षेत्रमा आकर्षित गरी अर्थनैतिक क्षेत्रलाई विविधिकरण गर्ने प्रयास पनि हामीले गरिरहेका छौं। यसको निम्ति प्याकेजिङ, भेल्यु एडिसन, मार्केटिङ, एग्रोबेस्ड इन्डस्ट्रीज, एक्सपोर्ट तथा पर्यटनसम्बन्धित गतिविधिहरूलगायतका क्षेत्रहरूमा विविधिकरण गरिनु पर्नेछ।

रबी फसलको निम्ति पानीको संरक्षण अति नै जरूरी छ। हामी किसानहरूको जमीनमा विभिन्न आकारका पानी संरक्षण र संग्रहणका परियोजनाहरू कार्यान्वयन गर्न गइरहेका छौं।

कृषि उत्पादको मात्रात्मक र गुणात्मक विकासको निम्ति ग्रीन हाउस तकनिकी अत्यन्तै जरूरी छ। यस तकनिकीको प्रयोगद्वारा हाम्रै राज्यमा पनि जरबेरा, सिम्बिडियमजस्ता फूल तथा टमाटरजस्ता सब्जीको उत्पादन राम्रो हुनसकेका उदाहरणहरू छन्।

**माननीय अध्यक्ष महोदय,**

राज्यमा सहकारिता आन्दोलनलाई प्रोत्साहित गर्न हामीले प्रत्येक ग्राम पञ्चायत र शहरी स्थानीय निकायहरूमा शिक्षित बेरोजगार युवा को-अपरेटिभ, महिला को-अपरेटिभ तथा श्रमिक को-अपरेटिभहरूजस्ता विभिन्न सहकारी संस्थाहरू पञ्जीकृत गरेका छौं। आज हाम्रो सरकारसँग २,८२८ वटा पञ्जीकृत सहकारी संस्थाहरू छन्।

यस ओजस्वी सदनलाई म जानकारी दिन चाहन्छु कि आज राज्यमा भएका एम.पी.सी.एस.-हरूसँग सहकार्य गरेर हामीले जैविक उत्पादहरूलाई राज्य भित्र र बाहिर मार्केटिङ गरिरहेका छौं।

**माननीय अध्यक्ष महोदय,**

जैविक खेतीको एक प्रमुख घटक पशुपालन पनि भएकोले पशुहरूको लालन-पालन, स्याहार सुश्रुषा, रोग निवारण, सम्भरण, प्रसंस्करण तथा विपणनजस्ता कुराहरूलाई योजनाबद्ध ढङ्गले परिचालन गर्ने काम थालिएको छ। यसको साथै राज्यको दुग्ध उत्पादन तथा जैविक मल उत्पादनको निम्ति राज्यका किसानहरूलाई उच्च प्रजातिका भैंसी पनि प्रदान गरिने घोषणा म गर्दछु।

राज्यको सर्वोच्च दुग्ध उत्पादक संस्था सिक्किम मिल्क युनियन लिमिटेडले राज्यभित्र र छिमेकी इलाकालगायत सिक्किममा रहेका सेना तथा सशस्त्र बलहरूलाई

गुणस्तरीय दूध तथा दुधजनित उत्पादहरू उपलब्ध गराउँदै आएको छ। हाम्रो राज्यमा ट्राउट माछा पालनको निम्ति उपयुक्त जलवायु भएको हुँदा यस योजनाका निम्ति किसानहरूलाई वित्तीय र तकनिकी सहयोग पनि हामी दिँदैछौं।

साथमा ५ वर्षको निम्ति 'स्टेट इरिगेसन प्लान' (२०१७–१८ देखि २०२१–२२)–लाई राज्यस्तरीय अनुमोदन कमिटिले स्वीकृति दिइसकेको छ। यस अन्तर्गत विभागले सिक्किम जैविक मिसनलाई सहयोग हुने गरी साना–साना सिँचाई तथा विद्यमान पानीका स्रोतहरूको मरम्मति, पुनरुद्धार, सम्भरण आदि गर्नसक्नेछ।

**माननीय अध्यक्ष महोदय,**

ग्रामीण विकास हाम्रो प्राथमिकता भएकोले गुणस्तरीय ग्रामीण पूर्वाधार, जल तथा ढल निकासी, ग्रामीण सम्पर्कता, फूटपाथ, पूल वा अन्य बुनियादी सुविधाहरू सुनिश्चित गर्ने गरी विकास रणनीति तयार पारिएको छ।

सबै सिक्किमेहरूको घरलाई पक्का घरमा बदल्ने योजना अनुरूप चीफ् मिनिस्टर्स रूरल हाउजिङ मिसनअन्तर्गत ३,००० घर अनि प्रधानमन्त्री(ग्रामीण) आवास योजना अन्तर्गत १,०९५ कच्चा घरहरूलाई पक्का घर बनाउने लक्ष्य हामीले राखेका छौं।

मलाई यो घोषणा गर्नपाउँदा खुशी लागिरहेको छ कि २००१–को जनगणनाको आधारमा सिक्किममा रहेका सम्पूर्ण जन–आबादीलाई २०१९–भित्रमा सड़क सम्पर्कले जोड़िनेछ। ग्रामीण क्षेत्रमा ४० लीटर वा त्यसभन्दा अधिक प्रतिव्यक्ति प्रतिदिन शुद्ध पेयजल उपलब्ध गराउने हाम्रो सरकारले लक्ष्य लिएको छ।

सन् २००८–मा सिक्किमले देशकै पहिलो र एकमात्र निर्मल राज्यको उपाधि प्राप्त गऱ्यो र २०१६–को शुरुवातमा पहिलो खुल्ला शौचमुक्त राज्य बन्यो। राज्यको स्वच्छतालाई कायम राख्ने कुरोमा हामीले विशेष जोर दिँदै आएका छौं। आज हाम्रो ध्यान सिक्किमले आर्जन गरेको खुल्ला शौचमुक्त राज्यको

प्रतिष्ठालाई कायम राख्ने र राज्यमा ठोस तरल संसाधनको व्यवस्थापनलाई सुदृढ़ तुल्याउनेतर्फ रहेको छ। मल्ली डाँड़ा र नामथाङमा 'रिसोर्स रिकभरी सेन्टर'-हरू अघिबाटै परिचालन गरिसकिएका छन्।

राज्य सरकारले ग्रामीण रोजगारलाई सर्वोच्च प्राथमिकता दिएको छ। ६९,०००(८७.६ प्रतिशत) -भन्दा अधिक परिवारलाई २०१७-१८-मा रोजगार उपलब्ध गराइयो। राज्य सरकारलाई 'बेस्ट पर्फर्मिङ स्टेट अवार्ड अन् ट्रान्सपेरेन्सी एन्ड एकाउन्टिबिलिटी', 'बेस्ट पर्फर्मिङ स्टेट अवार्ड अन् सस्टेनेबल लाइभलीवूड थ्रु कन्भर्जेन्स', 'बेस्ट पर्फर्मिङ स्टेट अवार्ड अन् जिओः एमजी-नरेगा इनिसिएटिभ', 'बेस्ट पर्फर्मिङ डिस्ट्रिक अवार्ड अन् इफेक्टिभ इम्प्लिमेन्टेसन अफ् एमजी-नरेगा टू मनिराम फालीडाँड़ा जी.पी.यु.' प्रदान गरिएको छ। 'एमजी-नरेगा बेस्ट पर्फर्मिङ ग्राम पञ्चायत अवार्ड फर् मल्लीडाँड़ा-पायोङ ग्राम पञ्चायत' अनि 'दि बेस्ट पर्फर्मिङ स्टेट फर ई-गभर्नेन्स' आदि पनि हामीलाई प्राप्त भएका छन्। यी पुरस्कारहरू हाम्रो कार्यहरूको सराहनास्वरूप भारत सरकारद्वारा दिइएका पुरस्कारहरू हुन्।

**माननीय अध्यक्ष महोदय,**

राज्य सरकारले एस.एन.टी.-को माध्यमबाट ग्रामीणलगायत शहरी क्षेत्रका जनतालाई सहज सम्पर्क साधन उपलब्ध गराउने कोशिश गरिआएको छ। आज वाहनहरूको संख्या बृद्धि हुनुसँगै सेवा क्षेत्र पनि बढ़ाइएको छ।

यात्रीहरूको बढ्दो संख्यालाई ध्यानमा राखी वर्कशप सामग्रीहरू बढ़ोत्तरी गरिएका डिपोहरू अपग्रेडेसन गर्ने तथा रम्फू, गान्तोक, जालीपूल आदि ठाउँहरूमा यात्रूहरूका निम्ति टेलिविजनसहितको वेटिङ हल, वाशरूमजस्ता निम्नतम् सुविधाहरू उपलब्ध गराउने काम गरिएको छ। सड़क परिवहन एवं हाईवे मन्त्रालय, भारत सरकारसँग साझेदारी गरी पाक्योङमा 'इन्स्टिटट्यूट अफ ड्राइभिङ ट्रेनिङ एण्ड रिसर्च' खोल्ने प्रक्रिया हामीले शुरू गरिसकेका छौं।

**माननीय अध्यक्ष महोदय,**

हाम्रो सरकारले वन तथा पर्यावरणको क्षेत्रमा आर्जन गरेका उपलब्धिहरू यस ओजस्वी सदनमा राख्ने सुअवसर आज मलाई मिलेको छ। सिक्किममा विगत दुई दशकभन्दा अधिक समयदेखि हामीले निरन्तर रूपमा पर्यावरणमैत्री विकास कार्यलाई जारी राखेका छौं। हामीले मौसम परिवर्तनको चुनौतीलाई सामना गर्ने सन्दर्भमा राष्ट्रिय र अन्तर्राष्ट्रिय नेत्तृत्वको मान्यता पाएका छौं। गत १५ अनि १६ फरवरी, २०१८-को दिन दिल्लीमा आयोजित 'वर्ल्ड सस्टेनेवल डेभलपमेन्ट समिट'-मा मलाई भारतका प्रधानमन्त्रीसँग मञ्च साझा गर्ने अवसर मिलेको थियो। मैले त्यस अवसरमा 'पार्टनरशीप फर अ रिजिलिएन्ट प्लानेट' सम्बन्धमा वक्तव्य राखेको थिएँ र विश्व नेत्तृत्वहरूलाई सिक्किमको पर्यावरणमैत्री विकास मोडललाई अनुशरण गर्ने र मौसम परिवर्त्तनको चुनौतीलाई सामना गर्ने दिशामा योगदान दिने आह्वान गरेको थिएँ।

सिक्किममा हामीले ग्लोबल वार्मिङ तथा प्राकृतिक संसाधनहरूको क्षयीकरणजस्ता समस्याहरूलाई सम्बोधन गर्ने प्रयास गर्दै आएका छौं। हामीले हाम्रो संवेदनशील परितन्त्रलाई ध्यानमा राखी नवान्वेषी र पर्यावरणमैत्री विकास कार्यक्रम अघि बढ़ाएका छौं। उदाहरणको लागि हामीले १९९७ सालमा नै प्लास्टिक वा अन्य असड़नकारी वस्तुहरूको प्रयोगमा प्रतिबन्ध लगायौं। सार्वजनिक ठाउँहरूमा धुम्रपान गर्न १९९७-देखि प्रतिबन्ध लगायौं, र १९९८-देखि रिजाप फरेष्टमा गौचरन बन्द गऱ्यौं। १९९९-देखि स्मृति वनको कार्यक्रम लागू गऱ्यौं। २००१-देखि जङ्गली जनावरको शिकार खेल्न र रूख ढाल्न प्रतिबन्धित गऱ्यौं। २००५-देखि राज्यका स्कूलहरूका पाठ्यक्रममा पर्यावरणलाई सामेल गऱ्यौं र २००६-देखि राज्यमा ग्रीन मिसन शुरु गऱ्यौं। २००७-मा हामीले क्लाइमेट चेञ्ज कमीसन गठन गऱ्यौं र २००९-देखि 'टेन मिनट्स टू अर्थ' कार्यक्रम शुरू गऱ्यौं। प्रत्येक वर्षको जून २५ तारिक राज्यभरि जनसहभागितामा १० मिनट बृक्षरोपण गरिन्छ। सन् २०१४-मा हामीले पटेका आदि पड्काउन प्रतिबन्धित गऱ्यौं र २०१५-मा कृषि लोहसे तथा झ्यास र घस्यौटाहरू जलाउन प्रतिबन्धित

गऱ्यौं। राज्यको कार्बन न्यूट्रलिटीलाई निरन्तर निगरानी राख्ने गरी अध्ययन शुरु गरिसकेका छौं।

सिक्किमेली समाजमा पारम्परिक रूपमा चलिआएको मित, मितिनीको साइनो–सम्बन्धलाई आधार बनाई राज्यबासीले राज्यका रूखहरूसित मित लगाउने नौलो प्रयोग हामीले शुरू गरेका छौं, र यसका निम्ति 'सिक्किम फरेष्ट ट्रीज(अमिटि एन्ड रेभरेन्स) रूल्स, २०१७' बनाएका छौं। म सबै सिक्किमेली जनगणलाई सिक्किमको रूखसित मित लगाउने अनुरोध गर्दछु। यसले पर्यावरण संरक्षणमा ठूलो भूमिका खेल्नेछ।

सन् २०१०–११ –देखि नै हामीले 'सिक्किम बायोडाइभर्सिटी कन्जर्भेसन एन्ड फरेस्ट म्यानेजमेन्ट प्रोजेक्ट' कार्यान्वयन हुँदै आइरहेको छ। जैव–विविधताको प्रत्यक्ष संरक्षणको लागि र जन सचेतताको निम्ति उत्तर सिक्किमको राङराङमा एउटा पुतली उद्यान स्थापना गरिएको छ।

**माननीय अध्यक्ष महोदय,**

आज मौसम परिवर्तन वैश्विक समस्याको रूपमा अघि आएको छ। निम्न कुरोहरू विचरणीय छन् :

क. २०३० –भित्र बंग्लादेशका २ करोड़ मानिसहरू देशबाट पलायन गर्नेछन्। उनीहरू आफ्नो बाढ़ी प्रभावित खेतबारीमा अन्न उब्जाउन सक्नेछैनन् र जीवन यापन गर्नसक्नेछैनन्।

ख. पेसिफिकको किरिबाटी टापूका राष्ट्रपतिले आफ्ना देशबासीलाई बचाउन ३,००० किलोमीटर टाड़ा फिजीमा जमीन किन्नुपऱ्यो।

ग. विश्वमा प्रतिवर्ष ५५ लाख मानिसहरू वायुमण्डलीय प्रदुषणका कारण अकाल मृत्यु मर्दैछन्।

घ. कुनै किसिमको विकल्प नगरिएको खण्डमा २०५०–सम्ममा समुद्रमा माछाभन्दा प्लास्टिकको मात्रा बढ़ी हुनेछ।

ङ. प्लास्टिकको कारण प्रतिवर्ष दश लाखभन्दा बढ़ी समुद्री चरा–चुरूङ्गी र एक लाखभन्दा बढ़ी समुद्री स्तनपायी प्राणीहरू मर्ने गर्छन्। यी विषैला तत्वहरू माछा वा समुद्री खाद्य सामग्रीमार्फत् हाम्रो शरीरमा पस्ने गर्छन्।

च. आगामी २० वर्षभित्रमा ३ करोड़भन्दा बढ़ी चरा–चुरूङ्गीहरू नासिनेछन्।

छ. मौरी हराउनु एउटा बड़ो चिन्तनीय विषय छ। यसले सम्पूर्ण मानव समाज र परितन्त्रमाथि त्रासदीपूर्ण चुनौती खड़ा गरिदिएको छ। कृषकहरू पराग सिञ्चनको निम्ति मौरीमाथि नै निर्भरशील हुन्छन्। विश्वको ९० प्रतिशत अन्न उत्पादन गर्ने १०० बालीहरूमध्ये ७१ बालीहरू मौरीमाथि निर्भरशील छन्। अर्थात् ८७.५ प्रतिशत बालीहरू मौरीमाथि निर्भर छन्।

ज. २००८–देखि प्रतिवर्ष औसतन २ करोड़ २५ लाख मानिसहरू मौसमी आपदासम्बन्धी कारणहरूले आफ्नो ठाउँ छोड़ेर भागिरहेका छन्। अर्थात्, प्रतिदिन ६२,००० मानिसहरू विस्थापित भइरहेका छन्।

सारा विश्वभरि देखा परिरहेको मौसम परिवर्तनको नकारात्मक प्रभावको सन्दर्भमा हरेक व्यक्तिले यस सामुहिक उद्देश्यको लागि एकीकृत र सङ्गठित भएर काम गर्नु आजको जरूरत हो। सिक्किममा हामीले यस साझा समस्यालाई सामना गर्ने र त्यसका लागि आवश्यक काम गर्ने योजनाहरूको थालनी गरिसकेका छौं।

**माननीय अध्यक्ष महोदय,**

हाम्रा नागरिकहरूलाई सदैव निःशुल्क स्वास्थ्य सेवा दिने हाम्रो प्राथमिकताको कार्यक्रम रहेको छ। यस ओजस्वी सदनलाई यो जानकारी दिन पाउँदा मलाई खुशी लागिरहेको छ कि १,००० पलङ्गसहितको सोकेथाङको अस्पताल –पहिलो फेज– यही अक्टोबर २०१८ –देखि चालू हुने भएको छ। यो अस्पताल अत्याधुनिक संयन्त्रयुक्त हुनेछ। यसमा एडभान्स टर्सिएरी क्यान्सर केअर सेन्टर पनि हुनेछ। जिल्ला अस्पतालहरूलाई आधुनिकीकरण गर्ने क्रममा सरकारले २० करोड़को लागतमा मङ्गनमा नयाँ जिल्ला अस्पताल भवनको निर्माण शुरू गरेको छ।

आपतकालीन सेवाका निम्ति मङ्गन, सिङताम अनि नाम्ची अस्पतालका निम्ति  टाइप ३ र सोकेथाङ अस्पतालको निम्ति टाइप २ ट्राउमा सेन्टर उपलब्ध गराइनेछ। आगामी २०१८–१९ को वित्तीय सत्रमा मङ्गन र गेजिङमा ट्यूबरकुलोसिस सेन्टर र मङ्गनमा ब्लड ब्याङ्क स्थापना गरिनेछ।

**माननीय अध्यक्ष महोदय,**

सोकेथाङ अस्पताल, जिल्ला अस्पताल र पी.एच.सी., पी.एच.एस.सी. हरूको विस्तारित स्वास्थ्य पूर्वाधारहरूको निम्ति हाम्रो सरकारले अहिलेको ३०५ जना डाक्टरहरूको संख्यालाई बढ़ाएर ६२५ बनाउने निर्णय गरेको छ। साथमा नर्स तथा पारा मेडिकल स्टाफहरूको संख्यालाई बढ़ाउने काम पनि शुरु गरेको छ। यसले स्वास्थ्य सेवाको आवश्यकतालाई पूरा गर्नेछ।

स्वास्थ्य सेवाअन्तर्गत मेडिकल, फार्मेसी र नर्सिङ क्षेत्रमा रहेको विपुल सरकारी र निजी क्षेत्रको सम्भावनालाई मध्येनजर राखेर हामी आउँदो वित्त वर्षको जून महीनामा साजोङ, रूम्तेकमा एउटा मेडिकल तथा नर्सिङ कलेज स्थापना गर्न गइरहेका छौं। यस कलेजबाट हाम्रा युवाहरूले अधिकभन्दा अधिक रोजगारीको अवसर लिनसक्नेछन्।

आयुष अर्थात् आयुर्वेद, योग, न्याचुरोप्याथी, युनानी, सिद्धा र होम्योप्याथी पनि राज्य सरकारको प्राथमिकताका सूचीमा छन् र ५० पलङ्ग भएको आयुर्वेदिक अस्पताल गेजिङको क्योङ्सामा १० करोड़को लागतमा निर्माणाधीन छ। यो परियोजना २०१८–१९ –भित्र पूरा हुनेछ। हाम्रो सरकारले देवराली सेडामा १०.५० करोड़को लागतमा लोवा रिग्पा (आम्जी कलेज) पनि स्थापना गरिरहेको छ। यो परियोजना चाँड़ै पूरा हुनेछ र पारम्पारिक तिब्बती स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध हुनेछ।

हामी निरन्तर रूपमा निःशुल्क मेडिकल क्याम्पहरू आयोजना गरिरहेका छौं, र २५,६७३ मानिसहरूले यसको फायदा लिइसकेका छन्। आज सिक्किमले शुरू गरेको यो 'क्याच' कार्यक्रमलाई हाम्रो महान् देशले पनि अङ्गीकार गरेको

छ र 'नेश्नल कम्युनिकेबल डिजीज स्क्रीनिङ कार्यक्रम'–को रूपमा राष्ट्रमा लागू गरेको छ।

हाम्रो सरकार समाज र राज्यका कमजोर वर्गको स्वास्थ्यप्रति विशेष रूपले चिन्तित छ। त्यसैले मुख्यमन्त्री जीवन रक्षा कोषअन्तर्गत ३ लाख रुपियाँसम्मको स्वास्थ्य सहयोग निःशुल्क उपलब्ध गराएका छौं।

हाम्रो सरकारले आगामी पाँच वर्षभित्र क्षयरोगलाई उन्मूलन गर्ने लक्ष्य राखेको छ। यसको निम्ति सरकारले विशद रणनीति तयार पारेको छ र पञ्चायत, जनप्रतिनिधि, एनजीओ–को सहयोगितामा यसलाई प्राप्त गरिनेछ। राज्यमा चलिरहेको 'रिभाइज्ड नेश्नल ट्युबरकुलोसिस प्रोग्राम'–को निम्ति यस बजेटमा २० लाख रुपियाँको प्रावधान राखिएको छ।

मलाई यो भन्न पाउँदा खुशी लागिरहेको छ कि मुख्यमन्त्री शिशु सुरक्षा योजनाअन्तर्गतको प्रावधानलाई यस वित्तीय वर्षमा अझ संघनित गरिनेछ।

सर्वाइकल क्यान्सर आज महिला स्वास्थ्यको सबैभन्दा महत्वपूर्ण दोस्रो समस्या हो। मलाई खुशी यस कुरोमा छ कि वर्ल्ड हेल्थ अर्गनाइजेसनको निर्देशिकाको आधारमा ९–देखि १४ वर्षका बालिका नानीहरूलाई एच.पी.भी. भ्याक्सिनेसन उपलब्ध गराउने एकमात्र राज्य सिक्किम हो। यसबारे हाम्रो सरकारले सचेतना कार्यक्रम अघिबाटै शुरू गरिसकेको छ, कि पहिलो टीकाकरण अप्रेल अनि दोस्रो टीकाकरण अक्टोबरमा गरिनेछ। यो टीकाकरण देशमै पहिलो हुनेछ। यस क्रममा सरकारी, निजी, सरकारी सहयोगप्राप्त स्कूल तथा स्कूल छोड़ेका ९–देखि १४ वर्षका ३१,००० बालिकाहरूलाई यो सुविधा दिइनेछ। शिक्षा विभाग, आईसीडीएस, ग्रामीण प्रबन्धन एवं विकास विभाग, शहरी विकास विभागलगायत मिडिया एवं एनजीओ–हरूको सहयोग यस निमित्त चाहिएको छ।

सम्पूर्ण राज्य नै जैविक राज्य बनेको सन्दर्भमा गुणस्तरीय खाद्यान्न र गुणस्तरीय दवाई राज्य सरकारको चाहना हो। त्यसैले चुवाटारमा हामी ८८० लाख रुपियाँको लागतमा दवाई जाँच प्रयोगशाला निर्माण गर्दैछौं।

**माननीय अध्यक्ष महोदय,**

हामी सरकारमा आएदेखि नै हामीले सिक्किमका सेना अनि उनका परिवारहरूलाई निरन्तर रूपमा गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेका छौं। यो सेवा नकद अनुदान वा अन्य रूपमा प्रदान गरिँदैछ। हामीले परमवीर चक्र पाउने सिक्किमेलाई १ करोड़, अशोक चक्र र महावीर चक्र पाउनेलाई ५० लाख रुपियाँ अनि वार्षिक रूपमा १ लाख, २ लाख र ७० हजार प्रदान गर्ने निर्णय गरेका छौं।

त्यसरी नै वीर चक्र, कीर्ति चक्र, शौर्य चक्रका निम्ति क्रमैले २० लाख, १५ लाख र १० लाख रुपियाँ प्रदान गर्ने हाम्रो सरकारले निर्णय गरेको छ। साथमा, सेना मेडल, परम विशिष्ट सेवा मेडल, अति विशिष्ट सेवा मेडल, विशिष्ट सेवा मेडल, सर्वोत्तम युद्ध सेवा मेडल, उत्तम सेवा मेडल, युद्ध सेवा मेडलका निम्ति पनि हामीले रकम बढ़ाएका छौं।

युद्धमा गम्भीर रूपमा घायल हुनेहरूका निम्ति २५ लाख अनि सामान्य रूपमा घायल हुनेहरूका निम्ति ५ लाख रुपियाँ दिने मेरो सरकारले निर्णय गरेको छ। अनि २ लाख रुपियाँको वीर नारी पुरस्कार सेनाका विधवाहरूलाई दिँदैछौं।

हामीले दोस्रो विश्वयुद्धका पीड़ित वा उनका विधवालाई पनि मासिक ६००० रुपियाँ पेन्सन दिँदैछौं।

**माननीय अध्यक्ष महोदय,**

राज्य सरकारलाई गर्व छ कि हामीले राज्यलाई पर्यावरणीय, मानवीय र रक्षासम्बन्धी सुरक्षा दिएका छौं। हाम्रो पुलिस बलले आफ्नो उच्चतम् सतर्कता प्रदर्शन गरेका छन्। त्यसैले  कुनै किसिमको अन्यथा यहाँ भएको छैन। हाम्रो सरकारले आरिटारमा पुलिस मेमोरियल, जालीपूलमा फोरेन्सिक ल्याब, कलुकमा पुलिस स्टेशन बिल्डिङ अनि रिनाक र च्याखुङमा फायर स्टेशन बिल्डिङ निर्माण गर्ने निर्णय लिइसकेको छ।

**माननीय अध्यक्ष महोदय,**

हाम्रो सरकारले सोकेथाङको श्रम भवनमा क्षमता विकास प्रशिक्षण केन्द्र स्थापित गरेको छ, जहाँ पञ्जीकृत कर्मचारी अनि तिनका परिवारले कौशल विकास गर्नसक्नेछन्।

मेरो सरकारले असङ्गठित क्षेत्रका महिलाहरूका निम्ति 'मेटर्निटी बेनिफिट एक्ट, १९६५' सिक्किममा लागू गर्ने निर्णय गरेको छ। हामी राज्य श्रमिक नीति अधिसूचित गर्न पनि गइरहेका छौं। हामी श्रमिकहरूका निम्ति ट्रान्जिट एकोमोडेसन बनाउने पक्षमा छौं।

**माननीय अध्यक्ष महोदय,**

हामीले राज्यमा सर्वधर्म समभावको नीति अप्नाएका छौं। हामीसँग धेरै संख्यामा आज गुम्बा, मन्दिर, गिर्जा, मस्जिद छन्। यसबाट हाम्रो सरकारको धर्म निरपेक्षता एवं जातीय सहिष्णुताको नीति बुझ्न सकिन्छ। जातीय एवं धार्मिक सम्प्रीति आज सिक्किमको पहिचान बनेको छ र आज देशकै सबैभन्दा शान्तिपूर्ण राज्य सिक्किम बनेको छ।

१९९४ पछिबाट शुरू भएको पर्यटन पेशा आज सिक्किमको मुख्य पेशा बनेको छ। १९९४-मा केवल ९९,००० पर्यटकहरू सिक्किम घुम्न आउँथे। आज २३ वर्षपछि त्यो संख्या १४ लाख पुगेको छ। यसबाट सिक्किमको पर्यटन क्षेत्रको सफलतालाई बुझ्नसकिन्छ।

सिक्किमले आज सर्वश्रेष्ठ पर्यटन नीति लिएको छ। राज्यलाई मिलेको पहिलो जैविक राज्यको मान्यता, गान्तोकलाई प्राप्त देशकै सबैभन्दा स्वच्छ शहरको उपाधि अनि सबैभन्दा सुरक्षित पर्यटन गन्तव्यको पहिचानले सिक्किमलाई राष्ट्रिय र अन्तराष्ट्रिय पर्यटन मानचित्रमा विशिष्ट चिह्नारी मिलेको छ।

पर्यटकहरूका सुविधाका निम्ति सिक्किम सरकारले भर्खरै अनलाइन पर्मिटको व्यवस्था थालेको छ। सिक्किमका दुर्गम स्थलहरूको भ्रमण गर्न चाहने

विशेषतः विदेशी पर्यटकहरूको निम्ति यो सुविधा उपलब्ध गराइएको छ। सिक्किमको विशिष्ट सांस्कृतिक-सामाजिक परम्पराहरू प्रदर्शन गर्न पर्यटन उत्सवहरू भव्यतापूर्वक आयोजन गरिँदैछ। यसै वर्ष जनवरीमा सम्पन्न रेड पाण्डा विन्टर कार्निभलको उद्घाटन समारोहमा प्रसिद्ध सङ्गीतकार पद्म विभूषण ए.आर. रहमानलाई सिक्किम पर्यटनको ब्राण्ड एम्बासेडर घोषणा गरियो।

साहसिक पर्यटनको क्षेत्रमा 'इण्डियन हिमालयन सेन्टर फर एडवेञ्चर एण्ड इको टुरिज्म' तथा 'इन्स्टिटट्यूट अफ् होटल म्यानेजमेन्ट'-ले आ-आफ्ना क्षेत्रमा प्रशिक्षित र पेशेवर युवा-युवती तयार पारिरहेका छन्। राज्य सरकारले होमस्टे, टुरिष्ट गाइड तथा पारा-ग्लाइडिङका क्षेत्रहरूमा निरन्तर रूपमा प्रशिक्षण दिने कामहरू सञ्चालन गरिरहेको छ।

राज्य सरकारले पर्यटन क्षेत्रमा विभिन्न सुविधा र पूर्वाधारहरूको निर्माण गरिसकेको छ। भर्खरै छाङ्गु लेकमा रोपवे अनि याङगाङमा 'नेचर इन्टरप्रिटेसन सेन्टर' निर्माण गरिएको छ। यसका साथमा स्वदेश दर्शन योजना अन्तर्गत थुप्रै पर्यटकस्थल र सर्किटहरू निर्माण गर्ने काम भइरहेका छन्।

भालेढुङ्गाको स्काईवक परियोजनाका निम्ति फ्रेञ्च तकनिकीको सहयोगमा रोपवे निर्माण कार्य चलिरहेको छ। नाम्चीको रोपवे सेवा चाँड़ै परिचालन गरिनेछ। गेजिङ-साङ्गाछोलिङ रोपवे, फुरछाचु तातोपानी, पीस सेन्टर अनि तिमी हेलिप्याडका कामहरू पनि चाँड़ै शुरु गरिनेछन्।

हामीले पर्यटन क्षेत्रको विकास नीतिलाई दीर्घमियादी विकास लक्ष्यको आधारमा ग्रामीण अर्थनीतिको बृद्धिमा सहयोग हुने गरी र ग्रामीण जनतालाई सिधै फायदा पुग्ने गरी तय गरेका छौं। यसअघि अनुमोदन गरिएका ७३६ वटा होमस्टेहरूमध्ये ९० प्रतिशतका कामहरू पूरा भइसकेका छन् र सञ्चालन पनि भइसकेका छन्।

पाक्योङ एअरपोर्ट निकट भविष्यमा सञ्चालन हुनेछ र यस एअरपोर्टको परिचालनसँगै सिक्किमेली जनताले वर्षौंदेखि देखेको सपना साकार हुनेछ। राज्य

सरकारले 'रिजनल कनेक्टिभिटी स्किम' अर्थात आर.सी.एस.–उड़ानको आधारमा अघिबाटै नागरिक उड्डयन मन्त्रालयसँग यसबारे सम्झौता गरिसकेको छ।

**माननीय अध्यक्ष महोदय,**

सिक्किमको सांस्कृतिक धरोहरहरूको संरक्षण र सम्वर्द्धनको निम्ति महत्वपूर्ण कामहरू हाम्रो सरकारले गरेको छ। २०१२ –देखि हाम्रो सरकारले स्टेट सिभिलियन अवार्ड शुरु गरेको छ। सिक्किम रत्न, सिक्किम सेवा रत्न अनि सिक्किम सेवा सम्मान गरी तीन अलग–अलग पुरस्कार दिन थालिएको छ। ज्ञानपीठ पुरस्कार, सरस्वती सम्मान, ललितकला, सङ्गीत–नाटक अकादमी वा साहित्य अकादमी पुरस्कार विजेताहरूलाई मासिक प्रशंसा भत्ता दिइँदैछ।

हाम्रो सरकारले धार्मिकलगायत विभिन्न स्वायत्त संस्थाहरूलाई वार्षिक अनुदान दिँदैछ। धामी–झाँक्री तथा पारम्परिक उपचारकहरूलाई सामाजिक भत्ता प्रदान गरिँदैछ।

विभिन्न धार्मिक संस्थानहरूलाई अनुदान राशी प्रदान गर्नुसँगै मोनास्टिक स्कूल, संस्कृत पाठशाला तथा पारम्पारिक कला स्कूलहरूमा पढ्ने विद्यार्थीहरूलाई खाता तथा युनिफर्म पनि दिइँदैछ।

**माननीय अध्यक्ष महोदय,**

चारैतिरबाट भूमिले घेरिएको राज्य हुनाले सिक्किमको अर्थनैतिक बृद्धिको निम्ति सड़क सम्पर्क अति नै महत्वपूर्ण छ। सड़क सम्पर्कले राज्यको अर्थनैतिक वृद्धिसँगै यथेष्ट सामाजिक विकास पनि सम्भव भएको छ। सड़क सम्भरणको क्षेत्रमा अनेकौं समस्या र जटिलताहरू भए तापनि हाम्रो सरकारले सबै मौसममा राज्यको सड़क व्यवस्थालाई सुदृढ़ राखेको छ।

पैदल मार्गहरूको बढ़ोत्तरी र सड़क मार्गको विकास कार्यलाई हामीले दुई चरणमा सम्पन्न गर्ने योजना बनाएका छौं। पहिलो चरणमा ३८२.८९ किलोमिटरको काम गरिनेछ। यो कार्य २०१८–को मार्चसम्ममा पूरा गरिनेछ।

दोस्रो चरणमा २०८.४४ किलोमिटर प्रस्तावित छ। मलाई यो जानकारी गराउन पाउँदा खुशी लागिरहेको छ कि १९९४-मा हामीले सरकार सम्हालेदेखि अहिलेसम्म सिक्किममा कुल २,९७७ किलोमिटर रोड हामीले बनाइसकेका छौं।

**माननीय अध्यक्ष महोदय,**

यस ओजस्वी सदनलाई यो जानकारी गराउन चाहन्छु कि आज हाम्रो राज्य देशकै ठूला जलविद्युत उत्पादक राज्यहरूमध्ये एक हो। पहिले हामी बिजुली बाहिरबाट ल्याउँथ्यौं, तर आज हामी बाहिर बेच्दैछौं।

आज सिक्किमले ११० मेगावाट छुजाचेन परियोजना, ९६ मेगावाट जोरथाङ लुप परियोजना, ९६ मेगावाट डिक्चु परियोजना, ९७ मेगावाट टासिडिङ परियोजनाबाट राजस्व आर्जन गरिरहेको छ। २०१६-१७-को वित्तीय वर्षमा केवल जलविद्युतबाट मात्र हाम्रो सरकारले १६९ करोड़ रुपियाँ राजस्व आर्जन गऱ्यो। यो राशी १९९४-मा केवल ३.८७ करोड़ मात्र थियो।

भर्खर चालु भएको १,२०० मेगावाट क्षमता भएको टिस्टा चरण-३ परियोजनासँग आज सिक्किमको जलविद्युत उत्पादन क्षमता २२०६.७० मेगावाट पुगेको छ। १९९४-मा सिक्किमले केवल ३० मेगावाट बिजुली मात्र उत्पादन गर्थ्यो।

हाम्रो सरकारले 'इन्टिग्रेटेड पावर डेभलपमेन्ट स्किम' तथा 'दीनदयाल उपाध्याय ग्रामीण ज्योति योजना'-जस्ता केन्द्र सरकारद्वारा प्रायोजित योजनाहरू पनि राज्यमा कार्यान्वयन गरिरहेको छ।

**माननीय अध्यक्ष महोदय,**

वैश्विकरणले ल्याएका परिवर्तन तथा विश्वस्तरमा बढ़िरहेका प्रतिस्पर्द्धाहरूमा हाम्रा युवाहरू पनि सक्षम र सफल बनून् भन्ने उद्देश्यले हामीले गुणात्मक जनशक्तिको निर्माणमा विशेष जोर दिइआएका छौं। यसको निम्ति शिक्षण संस्थानहरूको गुणात्मकतामा सुधार ल्याउन आवश्यक सबै पूर्वाधारहरू

निर्माण गर्नुसँगै उत्कृष्ट शिक्षण जनशक्ति उपलब्ध गर्ने काम हाम्रो सरकारले गरेको छ। साथै राज्यका सेकन्डेरी, सिनियर सेकन्डेरी अनि कलेजहरूमा चलिरहेका अतिरिक्त निर्माण कार्यहरूलाई पनि चाँड़ोभन्दा चाँडो पूरा गर्ने कुरालाई पनि हामीले सुनिश्चित गरेका छौं।

यस सदनमा म गर्वसाथ यो जनाउन चाहन्छु कि आज सिक्किम प्राथमिक स्कूलका पाठ्यक्रममा दीर्घमियादी विकास लक्ष्यलाई सम्मिलित गराउन युनेस्को 'महात्मा गान्धी इन्स्टिट्यूसन अफ् एडुकेशन फर् पीस एण्ड सस्टेनेबल डेभलपमेन्ट'–सित सहकार्य गर्ने देशकै पहिलो राज्य बनेको छ। भोलिको समाजमा पूर्ण जिम्मेवार नागरिक निर्माण गर्ने हाम्रो प्रतिबद्धताको कदम हो यो।

राज्यका कुनै क्षेत्रका विद्यार्थीहरू उच्च शिक्षा आर्जन गर्नबाट वञ्चित नहोऊन् भन्ने विचारले हामीले पश्चिम सिक्किमको देन्ताममा भोकेसनल कलेज अनि उत्तर सिक्किमको माङशिलामा आर्ट कलेज स्थापना गरेका छौं। आउँदो शैक्षिक सत्रदेखि पूर्व सिक्किमको खाम्दोङमा महिला कलेज पनि शुरु गरिनेछ। यस वर्षदेखि सी.सी.सी.टी., चिसोपानी तथा ए.टी.टी.सी. बरदाङमा भर्ना हुने विद्यार्थीहरूका निम्ति फीस मिनाहा गर्ने निर्णय हामीले गरेका छौं। सिक्किम सब्जेक्ट भएका विद्यार्थीहरूले अबउसो आफ्नो नियमित फीस कलेजमा भर्नुपर्ने छैन। आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई सहयोग गर्न र उनीहरूको पठन–पाठन निरन्तर जारी राख्न यो निर्णय गरिएको छ।

**माननीय अध्यक्ष महोदय,**

सिक्किमले शुरु गरेको जैविक मिसनलाई माननीय प्रधानमन्त्रीलगायत विशिष्ट व्यक्तित्वहरूले सराहना र प्रशंसा गरेका छन्। यस ओजस्वी सदनलाई म जनाउन चाहन्छु कि हाम्रो पहलमा 'नेशनल काउन्सिल अफ् एडुकेसनल रिसर्च एन्ड ट्रेनिङ(एन.सी.ई.आर.टी.)'–ले पहिलोचोटि जैविक खेतीमाथि पाठ्य पुस्तक तयार पारेको छ, र छैटौं कक्षादेखि यो पुस्तक पढ़ाइनेछ। जैविक खेतीलाई राष्ट्रिय दक्षता विकास निगमअन्तर्गत भोकेसनल विषयको रूपमा अन्तर्भुक्त गर्ने

प्रयास पनि हामीले गरिरहेका छौं। अघिबाटै राष्ट्रिय माध्यमिक शिक्षा अभियान अन्तर्गत ३२ वटा सिनियर सेकन्ड्री स्कूलहरूमा जैविक खेती अनिवार्य गतिविधि बनाइएको छ। त्यस अतिरिक्त पनि थुप्रै स्कूलहरूले आ-आफ्ना परिसरमा जैविक खेती गरिरहेका छन्।

**माननीय अध्यक्ष महोदय,**

युवाहरूको शारीरिक-मानसिक विकासमा खेलकुदको ठूलो महत्व छ। यसले राष्ट्रको विकास र व्यक्तित्वको विकासमा पनि प्रभाव पार्दछ। ग्रामीण तहबाटै खेलकुदलाई प्रोत्साहित र विकास गर्ने दिशामा हाम्रो सरकारले काम गरिरहेको छ। हाम्रा युवा खेलाड़ीहरूले राष्ट्रिय एवं अन्तराष्ट्रिय खेल जगतमा आफ्नो प्रतिभा देखाउँदै आइरहेका छन्।

युवाहरूलाई गुणात्मक खेल सुविधा उपलब्ध गराउन हाम्रो सरकारले गान्तोक र नाम्चीमा खेल अकादमी स्थापना गरेको छ। यसको राम्रो परिणाम हामीले पाइरहेका छौं। युवाहरूको खेल प्रतिभालाई विकास र प्रोत्साहित गर्न हामीले विभिन्न स्तरका विजेता खेलाड़ीहरूका निम्ति १००० रुपियाँदेखि लिएर १ करोड़ रुपियाँसम्मको नगद पुरस्कार घोषणा गरेका छौं।

**माननीय अध्यक्ष महोदय,**

समाजमा सबै तहका जनतालाई सबै प्रकारको समानता, न्याय र निसाफ सुनिश्चित गर्ने हाम्रो सरकारले कोशिश गरेको छ। नारी सशक्तिकरणलाई हामीले हाम्रो मूल सामाजिक एजेण्डा बनाएका छौं। बालक-बालिकाहरूको पोषण, स्वास्थ्य र गुणात्मक शिक्षालाई विशेष ध्यान दिएका छौं। नारीहरूका निम्ति पञ्चायत र शहरी निकायहरूमा ५० प्रतिशत सीट आरक्षण गरिदिएका छौं। त्यसरी नै सरकारी नोकरीको क्षेत्रमा नारीहरूलाई ३३ प्रतिशत सीट आरक्षण दिएका छौं। सामाजिक कल्याण बोर्ड, सिक्किम स्टेट कमिसन फर वुमन, सिक्किम कमिसन फर प्रोटेक्सन अफ् चाइल्ड राइट्स आदिद्वारा नारी तथा बाल-बालिकाहरूका अधिकारलाई कानूनी रूपमा सुरक्षित गरिएको छ।

हाम्रो सरकारले राज्यका २,९३९ जना लाभार्थीहरूलाई मासिक १,००० रुपियाँको आजीविका भत्ता दिँदैछ। राज्यका श्रवण वा दृष्टि विकलाङ्गहरूका निम्ति विशेष स्कूलहरू खोलिएका छन्। यसको साथमा स्प्यास्टिक सोसाइटीलाई सहयोग पनि प्रदान गरिँदैछ। विकलाङ्गहरूका स्वास्थ्य एवं आवासनका निम्ति दक्षिण सिक्किमको नाम्चीमा एउटा सम्पूर्ण सुविधायुक्त पुनरुद्धार केन्द्र स्थापना गरिनेछ।

राज्यका बृद्ध–बृद्धाहरूलाई गुणात्मक जीवन जिउने वातावरण उपलब्ध गर्ने कार्यलाई हाम्रो सरकारले यथोचित ध्यान दिएको छ। आज राज्यका २१,९९८ जना लाभार्थीहरूले बृद्धावस्था भत्ता पाइरहेका छन्, जसको निम्ति वार्षिक ३१.२० करोड़ रुपियाँ खर्च गरिँदैछ। उमेरको आधारमा १,००० रुपियाँदेखि लिएर २,००० रुपियाँसम्म मासिक वृद्धावस्था भत्ता दिने नीति हाम्रो सरकारले लिएको छ। यसका साथै नाम्चीमा ज्येष्ठ नागरिक सेवा सम्मान केन्द्र निर्माण गर्ने प्रस्तावलाई पनि हाम्रो सरकारले मञ्जुरी दिइसकेको छ। यस किसिमको सबै सुविधा भएको वृद्धाश्रम राज्यका अरू जिल्लामा पनि निर्माण गरिनेछ।

हाम्रो सरकारले राज्यका अनुसूचित जाति, जनजाति, केन्द्रिय ओबीसी, राज्य ओबीसीलगायत सबै समुदायको निम्ति सामाजिक न्याय सुनिश्चित गरेको छ। यी सबै समुदायका विद्यार्थीहरूका निम्ति प्री म्याट्रिक अनि पोस्ट म्याट्रिक छात्रवृत्ति प्रदान गरिएको छ। हालमा १०,५२१ जना विद्यार्थीहरूले यो सुविधा पाइरहेका छन्।

**माननीय अध्यक्ष महोदय,**

यो खुशीको कुरो हो कि आज सिक्किम कुपोषणमुक्त राज्य हो। हाम्रो सरकारले ६ वर्षभन्दा मुनिका नानीहरूको स्वास्थ्यलाई विशेष ध्यान दिएको छ। राज्यभरि १,२९० वटा आँगनबाड़ी केन्द्रहरू स्थापना गरेर स्वास्थ्य एवं पोषण सेवा उपलब्ध गराइएको छ। हालमा १०,२०० जना नानीहरूले यो सेवा पाइरहेका छन्।

नानीहरूको सुरक्षा र रेखदेखको निम्ति जुवेनाइल जस्टिस एक्ट, २००० अन्तर्गत सरकारले 'इन्टिग्रेटेड चाइल्ड प्रोटेक्सन स्किम' लागू गरेको छ।

**माननीय अध्यक्ष महोदय,**

नारीहरूको हितमा हाम्रो सरकारले विधवा पुनर्विवाह योजना, 'स्टेट रिसोर्स सेन्टर फर वुमेन' र 'फेमिली काउन्सिलिङ सेन्टर' स्थापना गरेको छ। सरकारले ४६८ जना अविवाहिता नारी अनि १,७२० जना विधवाहरूलाई पेन्सन वा आजीविका भत्ता दिइरहेको छ। राज्य जनवृद्धिमा आएको ह्रासलाई मध्यनजर राखी २०१७–१८ देखि हाम्रो सरकारले 'प्राउड मदर स्किम' शुरु गरेको छ। यस योजनामा पहिलो नानीको जन्ममा सरकारले ७,००० रुपियाँ र दोस्रो नानीको जन्ममा १०,००० रुपियाँ प्रदान गर्नेछ।

**माननीय अध्यक्ष महोदय,**

विश्वभरि नै मौसम परिवर्तनका कारण पानीको अभाव बढ्दै गइरहेको अवस्थामा सिक्किम त्यसको अपवाद रहेको छैन। हाम्रो सरकार सबै नागरिकहरूलाई गुणात्मक र पर्याप्त पेयजल उपलब्ध गराउन चाहन्छ। सुरक्षित पेय जल उपलब्ध गराउनुसँगै सबै शहर–बजारहरूमा फोहोर पानीको व्यवस्थापन पनि जरूरी छ।

यी कुराहरूलाई समाधान गर्न हाम्रो सरकारले भर्खरै 'सिक्किम कम्प्रीहेन्सिव वाटर रिसोर्सेस प्लान' शुरू गरेको छ। यस योजनाका निम्ति सम्बन्धित विभागले नयाँ दिल्लीस्थित 'इण्डिया वाटर फाउण्डेसन'–सँग सम्झौता गरेको छ, जसले तकनिकी, ब्रान्डिङ, क्षमता विकास तथा कोष संग्रहणका लागि विभागलाई सहयोग गर्नेछ।

**माननीय अध्यक्ष महोदय,**

राज्यका कर्मचारी तथा सेवानिवृत्त कर्मचारीहरूको तलब–भत्ता र पेन्सन पुनरावलोकन गर्न नोभेम्बर, २०१६–मा हाम्रो सरकारले पे कमिटि गठन गरेको थियो। राज्यका कर्मचारी तथा पेन्सनरहरूको तलब भत्ता र पेन्सनको निम्ति आवश्यक बजेट प्रावधान राख्न मैले जरूरी महसूस गरेको छु। यसले कर्मचारी तथा पेन्सनरहरूको आकांक्षालाई परिपूरण गर्नेछ भन्ने कुरोमा म विश्वस्त छु।

मानानीय अध्यक्ष महोदय, कमजोर जमीन र अप्रत्यासित मौसमी अवस्थाहरूले गर्दा हाम्रो राज्य प्राकृतिक प्रकोपहरूको सम्मुखीन भइरहन्छ। 'स्टेट डिजास्टर रेस्पोन्स फण्ड' तात्कालिक पुनरुद्धार कार्यको निम्ति आवण्टित कोष मात्र हो, यसले प्राकृतिक प्रकोपलाई नै रोक्नसक्दैन। आपदा नियन्त्रणको निम्ति हाम्रो सरकारले 'डिजास्टर म्यानेजमेन्ट एक्ट, २००५'-को प्रावधान अनुसार हाम्रो १ करोड रुपियाँको 'सिक्किम स्टेट डिजास्टर मिटिगेसन फण्ड' पनि गठित गरेको छ।

बढ्दो शहरीकरणको कारणले हाउजिङ, पेयजल आपूर्ति, सफाई व्यवस्था, परिवहन, स्वास्थ्य, शिक्षाजस्ता कार्यहरूका निम्ति थप सरकारी खर्च बढ्दछ। त्यसैले दीर्घमियादी विकासको लक्ष्यलाई पूरा गर्न शहरहरूको विकास समावेशी, सुरक्षित, दिगो हुनु जरूरी छ।

हाम्रो सरकार राज्यका सबै शहर बजारहरूलाई सर्वोत्कृष्ट मोडलको रूपमा फेर्न चाहन्छ। सिक्किमको भावी शहरी विकासलाई तीन चरणमा योजनाबद्ध ढङ्गले विकास गर्ने रणनीति हामीले अप्नाएका छौं। साथमा माइक्रो सिटीको अवधारणालाई पनि हाम्रो सरकारले अङ्गीकार गरेको छ।

२०१७-१८ -को आर्थिक वर्षमा अनेकौं शहरी विकासका कामहरू भएका छन्। गान्तोकको रोपवे सेवाको व्यवहार्यता रिपोर्ट प्रायः पूरा भइसकेको छ। यो खुशीको कुरो हो कि देशका १०० स्मार्ट सिटीहरूमध्ये नाम्ची र गान्तोक पनि चुनिएका छन्। सबै पक्षको सहयोग लिएर गान्तोक र नाम्चीलाई हामी विश्वस्तरीय शहरमा बदल्नसक्नेछौं।

राज्यमा पछिल्लो भू-राजस्व सर्वेक्षण १९७८-७९-मा सम्पन्न भएको थियो। हाम्रो सरकारले पछिल्लो आर्थिक वर्षमा पूर्व सिक्किमको पाक्योङ महकुमा अन्तर्गत याङताम ब्लकमा पुनःसर्वेक्षणको काम गरेको थियो। हामी यो काम राज्यका ४१७ वटै रेभेन्यू ब्लकहरूमा परिचालन गर्न चाहन्छौं। आर्थिक वर्ष २०१८-१९ -मा पाक्योङ, रङगेली र रम्फु महकुमाका ५३ रेभेन्यु ब्लकहरूको काम पूरा गर्नेछौं।

**माननीय अध्यक्ष महोदय,**

राज्य जैविक अभियानलाई बढुवा दिन नाम्ची र गान्तोकका किसान बजारहरूलाई अप्रेल २०१८–देखि चालू गरिनेछ। गेजिङ र मङ्गनमा पनि किसान बजार निर्माण गर्ने निर्णय हामीले गरिसकेका छौं। अन्य साना बजारहरूमा पनि जैविक उत्पाद बिक्री केन्द्रहरू स्थापना गरिनेछ।

हाम्रो राज्यले ठोस फोहोर व्यवस्थापन गर्ने दिशामा ठूलो फड्को मारेको छ। ४ मई, २०१७–को दिन केन्द्र सरकारले गान्तोकलाई पूर्वोत्तरको सबैभन्दा सफा राजधानीको उपाधि र पुरस्कार दियो। ५१५ वटा घरहरूको निर्माण र बढ़ोत्तरीको काम पी.एम.ए.वाई.(अर्बन) अन्तर्गत स्वीकृत भएका छन्।

जनवरी २०१६–देखि राज्यमा 'नेश्नल फूड सेक्योरिटी एक्ट, २०१३' लागू गरिएको छ। २७ वटै खाद्य गोदामहरूमा सबै आवश्यक सुविधाहरू, सड़क अनि जनशक्ति उपलब्ध गराइएको छ। राज्यका १,४२१ फेयर प्राइस शोपहरूमध्ये १०९ वटामा पी.ओ.एस. उपकरण लगाइएको छ। रहल १३१२ दोकानहरूमा पनि वर्ष २०१८–१९ –मा यो उपकरण जड़ान गरिनेछ।

आज १६,५०० परिवारहरूले रु.३ प्रतिकिलो दरले मासिक ३५ किलो चामल पाइरहेका छन् अनि ३,२४,०८१ जना लाभार्थीहरूले प्रतिव्यक्ति ५ केजी चामल रु ३–को दरले मासिक पाइरहेका छन्। रहल लाभार्थीलगायत गैर–सरकारी संस्थानहरूले सञ्चालन गरिरहेका कल्याण संस्थान, मोनास्टिक स्कूल, अनाथालयहरूलाई अन्य प्राथमिकता अन्तर्गत यो लाभ दिलाइएको छ। यस्ता संस्थाहरूलाई प्रतिव्यक्ति ९.५ केजी प्रतिमहिना ११ रुपियाँ केजीको दरले प्रदान गरिँदैछ।

नाम्ची, नामथाङ, बर्मेक, कलुक, उत्तरे, सोरेङ, कोडरी, हि गाउँ, १३ माइल, तालखर्क अनि लाचेनमा खाद्य गोदाम निर्माण गर्ने कामलाई अनुमोदन गरिसकिएको छ।

**माननीय अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०१८–१९–को बजेट पेश गर्न चाहन्छु। यस बजेटमा कुल व्यय ७,१३२.५९ करोड़ रुपियाँ रहेको छ। ८१.५० करोड़ रुपियाँ बराबरीको रकम उद्धार गरेपछि यो व्यय भार ७०५१.०९ करोड़ रहेको छ। यसमा वित्तीय घाटा 'सिक्किम फिस्कल रेस्पोन्सिबिलिटी एन्ड बजेट म्यानेजमेन्ट एक्ट, २०१०' –ले निर्धारण गरेको वित्तीय व्यवस्थापनको लक्ष्य अर्थात् कुल राज्य घरेलु उत्पादनको ३ प्रतिशतभन्दा कम रहनेछ। कर क्षेत्रको कुल राजस्व अवदान रु. ७७०.३१ करोड़ अनि गैर–कर क्षेत्रको राजस्व अवदान ४८१.९२ करोड़ रहेको छ।

कुल व्ययको ५७.७२ करोड़ रुपियाँ नर्थ इस्टर्न काउन्सिल अधीनको आवण्टनबाट, १४१.४८ करोड़ रुपियाँ सेन्ट्रल रिसोर्सेज नन् ल्याप्सेबल पूलबाट अनि १५७०.३६ करोड़ रुपियाँ केन्द्र प्रायोजित स्किमहरूबाट संग्रहण हुनेछ।

बजेटमा प्रतिविम्बित आय र व्ययलाई म सार रूपमा प्रस्तुत गर्नचाहन्छु :–

| **क्रं सं.** | **प्राप्ति** | **राशि करोड़मा** |
|---|---|---|
| १. | कर राजस्व | ७७०.३१ |
| २. | गैर कर राजस्व | ४८१.९२ |
| ३. | केन्द्रिय करमा राज्यको अंशीयारी | २८९२.३४ |
| ४. | केन्द्रिय अनुदान | १८३६.३६ |
| ५. | कुल ऋणादान | १०२८.५२ |
| ६. | ऋण वा अग्रिम उसुली | ०.८३ |
| ७. | शुद्ध जनलेखा | ४०.८० |
| | **कुल प्राप्ति** | **७०५१.०८** |

| **क्रं.सं.** | **व्यय** | **राशि करोड़मा** |
|---|---|---|
| १. | राजस्व व्यय | ५३५६.२७ |
| २. | पूँजी व्यय | १६९४.८२ |
| | **कुल व्यय** | **७०५१.०९** |

**माननीय अध्यक्ष महोदय,**

राज्य प्रशासनमा पारदर्शिता सुनिश्चित गर्न राज्य सरकारले क्रमैले ३१ मार्च, १९९५ अनि ३१ मार्च, २०१३-का दिन राज्यको वित्तीय अवस्थामाथि श्वेत-पत्र जारी गरेको थियो, जसलाई यस ओजस्वी सदनमा राखिएको थियो। सशक्त माध्यमहरूको प्रयोग तथा करहरूको आधारभूत फाँटलाई विस्तारित गरिएकोले राज्यको आफ्नो कर सङ्कलनमा धेरै सुधार भएको छ।

सिक्किम गुड्स एण्ड सर्विसेज एक्ट, २०१७ पारित गरी १ जुलाई, २०१७-देखि सिक्किममा नयाँ अप्रत्यक्ष कर लागू गरिएको छ। स्वतन्त्र भारतको कर प्रणालीमा भएको यो सबैभन्दा ठूलो बदलाव हो। यस कर प्रणालीद्वारा एक साझा भारतीय बजार सिर्जना गर्ने, कर सङ्कलन र प्रशासनमा सुधार गर्ने अनि निवेश र वृद्धिलाई बिस्तार गर्ने लक्ष्य राखिएको छ। आम जनगण र सबै सरोकारवालाहरूलाई नयाँ कर प्रणाली सम्बन्धमा अवगत गराउने सम्बन्धमा हाम्रो सरकारले यथेष्ठ कार्यहरू गरेको हुँदा पुरानो कर प्रणालीबाट नयाँ कर प्रणालीमा प्रवेश गर्ने कार्य राज्यमा सहज ढङ्गमा हुनसक्यो।

३१ दिसम्बर, २०१७ सम्म सिक्किमका ब्याङ्कहरूको लेनदेन अनुपात सुदृढ़ बन्दै गइरहेको थियो। राज्य स्तरीय ब्याङ्कर्स कमिटिको बैठकमा व्यवसायिक ब्याङ्कहरूलाई युवा उद्यमीहरूका निम्ति कर्जा उपलब्ध गराउने र उच्चत्तर शैक्षिक ऋण दिलाउने कुरोको उठान मैले त्यसै अवसरमा गरेको थिएँ। मैले उनीहरूलाई सिक्किममा सकारात्मक भूमिका खेल्ने र वित्तीय रूपमा व्यवहारिक योजनाहरूका निम्ति हाम्रा मानिसहरूलाई सहयोग दिने अपील पनि त्यस अवसरमा गरेको थिएँ।

**माननीय अध्यक्ष महोदय,**

सिक्किम र सिक्किमेली जनगणले प्रजातान्त्रिक प्रणालीमा धेरै लामो यात्रा तय गरिसकेको छ र यस क्रममा नयाँ इतिहास रचना गर्दै नयाँ कीर्तिमानहरू स्थापित गरेको छ। नयाँ आर्थिक वर्षमा पाइला सार्दै गरेको यस मुहुर्तमा म हाम्रो

सरकारले भर्खरै शुरू गरेका नयाँ योजनाहरूको जानकारी यस ओजस्वी सदनलाई गराउन चाहन्छु :-

**ज्ञान मन्दिर :**

राज्य सरकारले दीर्घकालीन निवेशको रूपमा करीब २०० करोड़ रुपियाँको लागतमा गान्तोकमा विश्वस्तरीय पुस्तकालय -ज्ञान मन्दिर- निर्माण गर्न गइरहेको छ। यो २.३६ ऐकर जमीनमा फैलिएको हुनेछ। विश्वस्तरीय ज्ञान केन्द्रका रूपमा यस पुस्तकालयले अन्तराष्ट्रिय एवं बौद्धिक समझदारी विकास गर्ने, इन्टरनेट जगत्मा सांस्कृतिक अन्तर्वस्तुहरूको विस्तार र विविधिकरण गर्ने, शिक्षा क्षेत्रका संसाधनहरू विकास गर्ने, सहभागी संस्थानहरूबीच क्षमता विकास गर्नेजस्ता कामहरू समेत गर्नेछ। यस योजनाका निम्ति गत २०१७-१८-को बजेटमा आवण्टन गरिएको २० करोड़को अतिरिक्त यस वर्ष ७ करोड़ रुपियाँ आवण्टन गर्दछु।

**फोक हिलिङ सेन्टर :**

सिक्किमको लोक परम्परा र इतिहासमा आधारित फोक हिलिङ सेन्टर निर्माण गरिनेछ। यस केन्द्रले सिक्किमको समृद्ध लोक परम्परा र इतिहासको जगेर्ना गर्नेछ। यस केन्द्रमा विशेषतः लोक सङ्गीत, लोक साहित्य, पारम्परिक खानपान अनि पारम्परिक उपचार विधिहरू संगृहित गरिनेछ। यस केन्द्रमा सिक्किमको सांस्कृतिक धरोहरलाई संरक्षण गर्ने उद्देश्यले पारम्परिक जीवनशैली, सामाजिक अभ्यास अनि सिक्किमेली समाजका सबै जातीय समूहहरूको चिह्नारीलाई प्रदर्शन गरिनेछ। यसबाट सिक्किमेली इतिहासको विकास क्रमलाई पनि बुझ्नसकिनेछ। यस योजनाको निम्ति ७ करोड़ रुपियाँ आवण्टन गर्दछु।

**भगवान परशुरामको प्रतिमा :**

भगवान परशुरामको ५४ फीट अग्लो काँसाको प्रतिमा तुमिन बराङमा स्थापना गरिनेछ। यस परियोजनाका निम्ति म अतिरिक्त ५ करोड़ रुपियाँ आवण्टित गर्दछु।

## अष्ट चिरञ्जीवी धाम :

धार्मिक महत्वको यो योजना नागी नामथाङमा निर्माण गरिँदैछ। यस योजनाका निम्ति म ५ करोड़ रुपियाँ आवण्टित गर्दछु।

## जातीय सांस्कृतिक केन्द्र :

सिक्किमका सबै जातीय समुदायहरूको सांस्कृतिक धरोहरहरूको संरक्षणको निम्ति पश्चिम सिक्किमको बढ़ियाखोपमा एथ्निक कल्चरल सेन्टर निर्माण गरिँदैछ। यस योजनाको निम्ति यस वित्तीय वर्षमा म ७ करोड़ रुपियाँ आवण्टित गर्दछु।

## मगरजोङ सेन्टर :

ऐतिहासिक महत्वको मगरजोङलाई सिक्किमका मगर समुदायको सांस्कृतिक स्थलको रूपमा विकास गरिँदैछ। विशेषतः सिक्किमका मगर समुदायको संस्कृति, परम्परा र जीवन शैलीलाई प्रदर्शन गर्ने यस केन्द्रले उनीहरूको इतिहासलाई पनि सजीव बनाएर राख्नेछ। यसबाट उनीहरू सिक्किमका आदि रैथाने हुन् भन्ने कुरो पनि प्रमाणित हुनसक्नेछ। यस योजनाको निम्ति यस वित्त वर्षमा म २ करोड़ रूपियाँको अतिरिक्त रकम आवण्टित गर्दछु।

## रिनाक र बढ़ियाखोपमा गौशाला :

गाई संरक्षणको निम्ति रिनाक र बढ़ियाखोपमा दुइवटा गौशालाहरू विकास गरिँदैछ। यसको निम्ति म ३ करोड़ रुपियाँ आवण्टन गर्दछु।

## लेप्चा आदिम अध्ययन केन्द्र :

आदिम लेप्चा जातिको संस्कृति, परम्परा र जीवन शैली प्रदर्शन र संरक्षण गर्ने केन्द्र जङ्गुमा विकास गरिँदैछ, जसको निम्ति म ३ करोड़ रुपियाँ आवण्टन गर्दछु।

## तामाङ अनि शेर्पा अध्ययन केन्द्र :

राज्यका तामाङ अनि शेर्पा जातिबारे अध्ययन गर्ने केन्द्र निर्माण गरिनेछ। सिक्किमका यी रैथाने समुदायहरूको समृद्ध सांस्कृतिक परम्पराको अध्ययन गर्ने केन्द्र स्थापना गरिनेछ।

## भुजेल अध्ययन केन्द्र :

त्यही अनुरूपको भुजेल अध्ययन केन्द्र पनि राज्यमा निर्माण गरिनेछ। यसले सो समुदायको संस्कृति र परम्पराको संरक्षणमा सहयोग गर्नेछ।

## अनुसूचित जाति अध्ययन केन्द्र :

सिक्किम राज्यका अनुसूचित जातिसम्बन्धी अध्ययन केन्द्र स्थापित गरिनेछ।

## माननीय अध्यक्ष महोदय,

यी कुराहरूबाट बुझ्नसकिन्छ कि हाम्रो सरकार नवान्वेषी र कल्पनाशील योजनाहरू लिएर काम गरिरहेको छ, र ती योजनाहरू दीर्घमियादी छन्। यस प्रकारका योजनाहरू शुरू गर्नुको उद्देश्य हो हाम्रो संस्कृति र परम्पराहरूको संरक्षण गर्नु अनि समकालीन विश्वको सन्दर्भमा नयाँ आयाम जोड़ेर सिक्किमेली जनगणलाई लाभ पुऱ्याउनु। यसरी हामी जनताका विश्वास र भरोसालाई उत्पादक र लाभकारी बनाउन चाहन्छौं। यसरी पुराना परम्पराहरूको संरक्षण गर्दै हामी सामाजिक आर्थिक विकासको बाटोलाई पनि विकसित गर्नसक्छौं।

यी सबै केन्द्रहरूले पर्यटकहरूलाई आकर्षित गर्नेछन्। यसबाट सिक्किमेली समाजलाई चिन्न र बुझ्न उनीहरूले नयाँ अवसर पाउनेछन्। आज हाम्रो आफ्नो जनसंख्याभन्दा तीनगुणा अधिक पर्यटक राज्यमा आइरहेका छन्। सम्भवतः सिक्किम नै देशको त्यो राज्य हो, जहाँ हरेक वर्ष समान रूपमा पर्यटक आउने गर्छन्।

## माननीय अध्यक्ष महोदय,

भारतमा सिक्किम नै त्यो राज्य हो जहाँ सरकारले आफ्ना सबै नागरिकहरूलाई आधारभूत निम्नतम् आवश्यकताहरू पूरा गरेको छ। हामीले

सबैलाई आवासको व्यवस्था गरेका छौं, र चाँड़ै सिक्किम देशको पहिलो कच्चाघरमुक्त राज्य बन्न गइरहेको छ। हामीले राज्यका सबै ठाउँहरूमा पेयजल, बिजुली र सड़कसम्पर्क उपलब्ध गराएका छौं। युनिभर्सिटी तहसम्म शिक्षालाई निःशुल्क गरिएको छ अनि स्वास्थ्य सेवा निःशुल्क राखिएको छ। हामीले वास्तवमै दीर्घमियादी विकास लक्ष्यको आधारमा काम गरेका छौं। अनि युनाइटेड नेशन्सले निर्धारण गरेको सबै दीर्घमियादी लक्ष्यहरूलाई हामीले पूरा गरेका छौं। गरीबी, शुन्य भोक, राम्रो स्वास्थ्य सेवा र शिक्षा, लैङ्गिक समानताजस्ता लक्ष्यहरूलाई अघिबाटै हामीले पूरा गरिसकेका छौं।

गएका दशकहरूका विकास सूचकहरूमा ठूलो सुधार आएको छ। हाम्रो प्रतिबद्धता र कड़ा परिश्रमले ल्याएका कतिपय सुधारहरूतर्फ हामीले ध्यान पुऱ्याएका छैनौं। यो कुरालाई तुलनात्मक रूपमा हेरौं : १९९४–९५ सालमा हाम्रो प्रतिव्यक्ति आय ८,८८८ रुपियाँ थियो, जो २०१६–१७ मा २,५७,१८२ रुपियाँ पुगेको छ, जसको प्रतिशत वृद्धि २७९३.५९ हुन्छ। १९९४–मा राज्यको कुल घरेलु उत्पाद ४४०.३४ करोड थियो, जो २०१८–१९–मा बढ़ेर २३,१३९ करोड़ रुपियाँ भएको छ र त्यो भनेको ५१५५ प्रतिशत वृद्धि हो।

१९९४–९५ सालमा ३.०४ करोड़ रुपियाँ पेन्सनको रुपमा भुक्तान गरिन्थ्यो, त्यो रकम २०१८–१९–मा ६४१.४६ करोड़ रुपियाँ पुगेको छ। अर्थात् २१,००१ प्रतिशत बढ़ेको छ। १९९४–९५ मा राज्यको आफ्नो राजस्व ४४.७२ करोड़ थियो, त्यो २०१७–१८ मा १२५२.२४ करोड़ रुपियाँ भएको छ। अर्थात् २७०० प्रतिशत वृद्धि भएको छ। पूर्वमा मजदूरहरूको दैनिक रोज २० रुपियाँ थियो, त्यो अहिले निम्नतम् ३०० रुपियाँ भएको छ। अर्थात् १४०० प्रतिशत अभिवृद्धि भएको छ। १९९४–९५ मा वार्षिक तलब–भत्ता ७८.०५ करोड़ रुपियाँ थियो, त्यो अहिले १९६०.८३ करोड़ रुपियाँ भएको छ। यस क्षेत्रको प्रतिशत वृद्धि २,४१२ रहेको छ।

**माननीय अध्यक्ष महोदय,**

यस वैश्वीकृत दुनियाँमा आजका समस्याहरूसँग जुझ्न हामीले आफूलाई पनि समयानुरूप बदल्दै लैजानुपर्छ। निश्चय नै पृथ्वीका सीमित संसाधनहरूलाई आजसँगै भोलिका पुस्ताको निम्ति संरक्षित गर्नुपर्ने सबैभन्दा ठूलो चुनौती हामीसमक्ष छ। त्यसैले आज हामीसँग भएका संसाधनहरूलाई भोलिको पुस्ताका निम्ति पनि संरक्षण गर्ने चिन्ता आज विश्वका नीति निर्माता, वैज्ञानिक तथा शोधकर्ताहरूलाई भइरहेको छ।

यस चुनौतीलाई बुझेर सिक्किममा हामीले धेरै पहिलेदेखि नै सचेत रूपमा कामहरू थालेका छौं। आधुनिकीकरणसँगै पारम्परिक मूल्य र जीवन शैलीलाई संरक्षण गरी सन्तुलन कायम गर्ने कामलाई हामीले प्राथमिकता दिएका छौं। त्यसैले हामीले पर्यावरणीय सुरक्षा र अर्थनैतिक वृद्धिबीच समन्वय कायम गरी मानव विकास, सामाजिक विकास, अर्थनैतिक विकास र पर्यावरणीय विकासजस्ता लक्ष्यहरूलाई आर्जन गर्नसक्यौं।

आगामी दिनहरूमा वास्तविक अर्थमा मानवीय समाजको निर्माणलाई हामीले प्रेरित र प्रोत्साहित गर्न प्राकृतिक र मानव संसाधनको विवेकशील व्यवस्थापन गर्नुपर्नेछ। आजीविकाका क्षेत्रहरूको विस्तारण र विविधिकरणद्वारा जनतालाई उत्तरदायी, समावेशी, पारदर्शी, जीवन्त, सक्षम र प्रभावकारी प्रशासन दिई जिम्मेवार र संवेदनशील मानव विकास गरिनुपर्नेछ, जो पृथ्वीको पर्यावरण र परितन्त्रप्रति सचेत होस् र प्राकृतिक संसाधनको प्रयोग आगामी धेरै पीढ़ीको निम्ति हुनसक्ने गरी उपयोग र संरक्षण गर्न सचेत होस्।

यी कटिबद्धतासहित वर्ष २०१८-१९-को बजेट सदनको विचार र अनुमोदनको निम्ति म राख्दछु।

**धन्यवाद**

**जय हिन्द।**

सिक्किम सरकार

# मुख्यमन्त्री

# तथा

# प्रभारी मन्त्री

# वित्त, राजस्व एवं व्यय विभाग

# श्री पवन चामलिङद्वारा

# बजेट अभिभाषण

६ मार्च, २०१८

*Printed at Sikkim Government Press, Gangtok.*